अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाखापानी(?), म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१।०६।२२ गते (ने.स.११४४ कौलाथ्व पञ्चमी) मङ्गलबारका दिनको ०१:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को नवौं बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

स्थान :

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| सविना थापा | वरिष्ठ प्रशासन सहायक | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।०६।२२ गते

समय : दिनको ०१:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०६।२० गते

**मिति २०८१।०६।२२ गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १ पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलनको सूचना प्रकाशन सम्बन्धमा,

प्रस्ताव नं २ पुनहिलमा आय ठेक्का व्यवस्थापनको आम्दानी व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं ३ कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ को दफा १६ अनुसार समिति सदस्य छनौट गर्न सम्बन्धमा,

प्रस्ताव नं ४ प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान आयोजनाको लागि विज्ञ परामर्श सेवा खरिद गर्ने सम्बन्धमा

प्रस्ताव नं ५ प्रभा मा.वि.मा भवन निर्माणको म्याद थप गर्ने सम्बन्धमा

प्रस्ताव नं ६ प्रारम्भिक अधिकारी तोक्ने सम्बन्धमा,

प्रस्ताव नं ७ विविध ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष

## मिति २०८१/०६/२२ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु

निर्णय नं. १

पुनहिलमा क्यान्टिन सञ्चालन र प्रवेश शुल्क संकलन सम्बन्धमा खुल्ला बोलपत्र आव्हान गरी आन्तरिक आयको ठेक्का लगाउन मिति २०८१/०३/०१, २०८१/०४/३२, २०८१/०५/१६, २०८१/०५/२४, २०८१/०६/०८ मा गरी ६ पटक सूचना प्रकाशित गर्दा समेत हाल सम्म कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट बोलपत्र पेश हुन नआएकोले राजश्व परामर्श समितिको मिति २०८१/०६/२२ गतेको बैठकको निर्णयबाट प्राप्त सिफारिस अनुसार उक्त आय ठेक्काको न्यूनतम कबोल अंक रु ४०,००,०००।— (अक्षरुपी चालिस लाख रुपैया मात्र) कायम गरी आजको मिति देखि लागू हुने गरी बढीमा २ दिनको म्याद राखि पुनः सूचना प्रकाशन गर्ने ।

निर्णय नं. २

पुनहिलको क्यान्टिन सञ्चालन तथा प्रवेश शुल्कको ठेक्का व्यवस्थापनबाट गाउँपालिकाले गर्ने आम्दानीको सम्बन्धमा उक्त क्षेत्रका स्थानीय बासिन्दाहरुको मागलाई तपसिल बमोजिम सम्बोधन गर्ने गरी गाउँसभाको आगामी हिउँदे अधिवेशनमा प्रस्ताव पेश गर्ने ।

तपसिल

क. स्थानीयस्तरमा कर्मचारीको व्यवस्थापन सम्बन्धमा – चित्रे स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीको व्यवस्था गाउँपालिकाले गर्ने, अन्य कर्मचारीहरु (घोरेपानी सामुदायीक स्वास्थ्य र घोररपानी सरसफाई गर्ने कर्मचारी र खिवाङ्ग आ.वि को वाल विकासको शिक्षक) को व्यवस्था स्थानीयस्तरमा छुट्याईएको ३३ प्रतिशत रकमबाट व्यहोर्ने र सो खर्च बराबरको रकमको योजना तथा कार्यक्रम गाउँपालिकाले घोरेपानीको लागि विनियोजन गर्ने ।

ख. स्थानीय आवश्यकतामा आधारित आयोजना सम्बन्धमा — स्थानीयबासीहरुको मागको आधारमा प्रत्येक आ.व. मा आय ठेक्का सम्झौताको ३३ प्रतिशत रकम बराबरको आयोजनाहरु वडा मार्फत सभामा पेश गर्ने गरी गाउँपालिकामा पेश गर्ने ।

ग. पुनहिलको ठेक्का व्यवस्थापन सम्बन्धमा गाउँपालिकाले बढीमा २ दिनको म्याद राखि पुन सूचना प्रकाशन गर्ने तथा उक्त ठेक्का पुर्ण प्रतिस्पर्धी गराउन घोरेपानीबासीहरुले पुर्ण सहयोग गर्ने ।

निर्णय नं. ३

कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधी, २०८१ को दफा १६ को देहाय खण्डको ४ नं. मा कार्यपालिकाले छनौट गर्ने सदस्य श्री मिठु वि.क. लाई छनौट गर्ने ।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय नं. ४

गाउँपालिकाको वडा नं. ६ अन्तर्गत पर्ने वैसरी — हल्लेखर्क — कुरमुनी — पोखरेवगर एक घर एक धारा खानेपानी आयोजना निर्माणको लागि प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदानको आयोजना कार्यन्वयन गर्न गाऊँपालिकामा सो सम्बन्धी विज्ञ जनशक्तिको अभाव रहेकोले उक्त आयोजनाको सर्वे, ड्रईङ्ग, डिजाईन, लागत अनुमान तयारी लगायतको कार्य गर्न परामर्श सेवा खरिद गर्ने ।

निर्णय नं ५

नेपाल सरकारको विशेष अनुदानको लागि २ बर्षको लागि स्वीकृत प्रभा मा.वि.मा पूर्वाधार निर्माणको लागि जयलक्ष्मी-अभिनव जे.भी. बाग्लुङसंग मिति २०८१ जेठ समान्त सम्मको म्याद राखिएर सम्झौता गरिएकोमा संघीय सरकारबाट पर्याप्त बजेट प्राप्त नहुँदा भुक्तानी गर्न समस्या भएकाले २०८१ असोज मसान्तसम्म म्याद थप गरिएकोमा हाल सम्म पनि उक्त आयोजनाको लागि संघीय सरकारबाट थप बजेट व्यवस्था नभएकाले २०८१ चैत्र मसान्तसम्म म्याद थप गर्ने ।

निर्णय नं ६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ८९, मिति २०८१।०५।२८ को पत्रानुसार नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०८१।०५।२० को जग्गा प्राप्तिको सहमति प्रदान गर्ने निर्णय भइ निर्णय प्राप्त भएकाले जग्गा प्राप्ति ऐन, २०३४ दफा ५ को उपदफा १ बमोजिम गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि छनौट भएको जग्गाको उक्त ऐनको दफा ५ र दफा ६ लगायतको कार्य गर्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई प्रारम्भिक कारवाई चलाउने अधिकारी तोक्ने ।

निर्णय नं. ७

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत "अन्य आर्थिक सहायता" शीर्षकबाट खर्च लेख्ने गरी देहाय बमोजिमका संस्थाहरुलाई देहाय बमोजिम उपलब्ध गराउने

क. जिल्ला प्रहरी कार्यालय, म्याग्दी — सवारी साधन मर्मतको लागि रु.५०,०००।—
ख. गाउँपालिका क्षेत्र भित्र रहेका प्रहरी चौकीहरुको लागि ईन्धन खर्च बापत प्रति प्रहरी चौकी रु १०,००० को दरले जम्मा रु ५०,०००।-
ग. गाउँपालिकामा रहेको नेपाली सेनाको व्यारेकको लागि ईन्धन खर्च बापत रु २०,०००।—
घ. काली गण्डकी नदीले गोरु बगाई नदिको बिचमा अड्किएको गोरुको उद्धार गरी बचाउने रमेश पुर्जा (बेनी नगरपालिका, वडा नं. ९ निवासी) लाई रु १८००० पुरस्कार दिने ।

कुमार पुन
अध्यक्ष